१. सवै कार्यालयको वार्षिक बजेट कार्यक्रमको लक्ष्य तथा प्रगतिका सम्बन्धमा समीक्षा गरियो। पूंजीगत खर्चको अवस्था हाल सम्म पनि न्यून रहेको पाइएकोले सवै सम्बन्धित कार्यालयहरुले उच्च तदारुकताका साथ तोकिएको समयमा कार्य सम्पन्न गर्ने गरी काम अगाडी बढाउने ।

२. यस अगाडिका कार्यालय प्रमुखको वैठकमा भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको समीक्षा गरियो । पूर्व निर्णयको कार्यान्वयन अवस्थामा समेत यथोचित ध्यान पुर्याउन सकेको नपाईएकोले कार्यालय प्रमुखहरुको ध्यानाकर्षण सहित तत्काल कार्यान्वयन गरी जिल्ला प्रशासन कार्यालयमा प्रगति विवरण पठाउने ।

३. पोशाक, समय पालना, सवारी साधनको सदुपयोग सहितको सञ्चालन, सदाचार प्रवर्द्धन लगायतका कुराम्मा सवै कार्यालय प्रमुखहरुले जिम्मेवारपूर्ण तवरबाट आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्ने ।